# गाउँ कार्यपालिकाको कार्यालय

हटिया, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

प.सं. :- २०८१/०८२ (प्रशासन)
च.नं. :- ६६८

नेपाल सम्वत ११४४

**विषयः- कर्मचारीको तह बृद्धि सम्बन्धी सूचना प्रकाशन गरिएको सम्बन्धमा।**
**(प्रथम पटक प्रकाशित मिति २०८२।०३।१३)**

प्रस्तुत विषयमा यस भोटखोला गाउँपालिका, गाउँकार्यपालिका र मातहतको कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको तह बृद्धिका लागी कोशी प्रदेश सभाबाट पारित भई मिति २०८०।०९।२२ मा प्रमाणिकरण भईसकेको **"स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०"** अनुसार योग्यता पुगेका कर्मचारीहरुले तपसिल बमोजिमका कागजात सहित दफा २७ को (३) उपदफा (१) बमोजिम यस कार्यालयमा सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :-

१. स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा ४ को उपदफा (५) बमोजिम योग्यता पुगेका कर्मचारीहरुको हकमा निम्न अनुसारको कागजात सहित निवेदन पेश गर्नुहुन ।
   (क) स्थायी नियुक्ति पत्र र समायोजन पत्र वा समायोजन/तह मिलान पत्र सहित निवेदन ।

२. स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफ ८ को उपदफा (१६) र (१७) बमोजिम योग्यता पुगेका कर्मचारीहरुको हकमा निम्न कागजात सहित निवेदन पेश गर्नुहुन ।
   (क) स्थायी नियुक्ति पत्र ।
   (ख) समायोजन भएको पत्र वा सघीय लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस र नियुक्ति पत्र ।
   (ग) शैक्षिक योग्यताको प्रमाणपत्र ।

३. स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा २७ को उपदफा (१) बमोजिम योग्यता पुगेका कर्मचारीहरुको हकमा निम्न कागजात सहित निवेदन पेश गर्नुहुन ।
   (क) स्थायी नियुक्ति/बढुवा/तह बृद्धिको पत्र ।
   (ख) पछिल्लो तीन वर्षको कार्यसम्पादन मुल्याङ्कन ।
   (ग) शैक्षिक योग्यताको प्रमाणपत्र ।
   (घ) स्थानीय सरकारी सेवामा समायोजन भएको कर्मचारीको हकमा समायोजन पत्र ।

प्रशासन शाखा प्रमुख

(कुपु भोटे)
प्रमुख प्रशासकीय अधिकृत